प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

# नोभल कोरोना भाइरस (COVID-19) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०५/२१
(बेलुका ५:०० बजे)

## ❖ मुख्यमुख्य क्रियाकलापहरु

- ❖ यस प्रदेशमा आज काठमाण्डौमा २९०, मकवानपुरमा ६५, ललितपुरमा ३२, चितवनमा ३०, भक्तपुरमा २१, धादिङमा ५, दोलखामा २, काभ्रेपलान्चोकमा १ र सिन्धुपाल्चोकमा १ गरी जम्मा ४४७ जनामा नयाँ संक्रमण थपिएको छ । सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी (Contact tracing), सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुर हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समन्वयमा) कार्य भईरहेको छ ।

- ❖ तारकेश्वर-८, काठमाण्डौ निवासी ७४ वर्षिय पुरुषको मिति २०७७ भाद्र २० गते त्रि. वि. शिक्षण अस्पताल, महाराजगंजमा निधन भएको छ । मुटु तथा मृगौलाका विरामी निज भाद्र १९ गते अस्पतालमा भर्ना भएको र उहाँको भाद्र २० गते कोरोना पुष्टी भएको थियो । काठमाण्डौ-१५, डल्लु निवासी ६८ वर्षिय पुरुषको मिति २०७७ भाद्र २० गते घरमै निधन भएको छ । मृगौलाका रोगी निजको भाद्र १७ गते स्वाव नमुना संकलन गरी परिक्षण गर्दा भाद्र २० गते कोरोना पुष्टी भएको थियो । त्यस्तै बुढानिलकंण्ठ-९, काठमाण्डौ निवासी ८५ वर्षिय पुरुषको मिति २०७७ भाद्र २० गते मेडिकेयर अस्पताल, चावहिलमा निधन भएको छ । श्वास प्रश्वासमा समस्या भई भाद्र २० गते अस्पताल भर्ना भएको र उहाँको सोही दिन कोरोना पुष्टी भएको थियो । उहाँ दम, मधुमेह तथा उच्च रक्तचापका समेत विरामी हुनिहुन्थ्यो। भरतपुर-१५, चितवन निवासी ७० वर्षिय पुरुषको मिति २०७७ भाद्र २१ गते चितवन मेडिकल कलेज, भरतपुरमा निधन भएको छ । छातीमा समस्या भई भाद्र १२ गते अस्पताल भर्ना भएका उहाँको भाद्र १३ गते कोरोना पुष्टी भएको थियो ।उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ ।

## ❖ बागमती प्रदेशमा संक्रमितहरुको विवरण

- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको चौबिस प्रतिशत (२३.८४%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढी रहेको छ र मृत्यु हुनेमा अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ। माथिको तथ्यले हालको महामारीमा जेष्ठ नागरिक तथा अन्य जिर्ण रोगको सहरुग्णता भएको व्यक्तिहरुले कोभिड-१९ बाट बच्नको लागि विशेष सावधानी अपनाउनुपर्ने देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या निको भएका भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो ।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | ४६२५७ (१००%) | ११०३१ (१००%) |
| निको भएको | २८९४१ (६२.६%) | ३६५९ (३३.२%)* |
| उपचाररत | १७०२७ (३६.८%) | ७२९१ (७६.७%)* |
| मृत्यु भएको | २८९ (०.६%) | ८१ (०.७%)* |
| श्रोतः | - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०५/२१ | - सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०५/२१ |

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, आर.डी.टि.(RDT), पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरण

- हाल सम्म बागमती प्रदेशमा ९७३४ वटा क्वारेन्टाईन बेड व्यवस्थापन गरेकोमा अहिले २१५३ जना बस्दै आउनुभएको र १४६२ जना अहिले होम क्वारेन्टाईनमा बस्दै आउनुभएको छ । यस प्रदेशमा ३१४५ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ३४२२ जना बस्दै आउनुभएको छ। आजको मिती सम्मको विवरण अनुसार ३७४२५ जनाको आर डी टी परिक्षण गरिएकोमा ९०८ जनाको पोजिटिभ आएको छ र ७३४३६ जनाको पि सि आर परिक्षण गरिएको छ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइनमा रहेका | आइसोलेसन | | (RT-PCR) परिक्षण सम्बन्धी विवरण | | |
|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | बसेका* | जम्मा संकलित स्वाब संख्या | आजको नयाँ संक्रमण | जम्मा पोजेटिभ |
| काठमाण्डौ | १०५० | ११३ | २६७ | १३४७ | २१७४ | २६४६६ | २९० | ६६२८ |
| ललितपुर | ३७१ | ३१ | ८० | २८९ | २०८ | २३५७ | ३२ | ९२१ |
| भक्तपुर | १०५ | ६ | १६५ | ३२१ | १०९ | ५६६७ | २१ | ७१० |
| रसुवा | २७८ | ११ | ११ | ३५ | १ | ८११ | | २० |
| नुवाकोट | ११७७ | १६९३ | ७४ | ४० | २६ | ३७०७ | | १०१ |
| धादिङ | ३१५ | ५ | २३ | ९२ | ३७ | २६६८ | ५ | २७१ |
| चितवन | २४६५ | ५५ | ६१६ | ३५५ | ६१७ | १३६८८ | ३० | १०४२ |
| सिन्धुली | ३९२ | १२ | ८ | ४३ | ९ | २५२६ | | ९४# |
| मकवानपुर | ४०७ | ९ | ४ | २१७ | ६८ | ६५३२ | ६५ | ६९८ |
| रामेछाप | ४९० | ६५ | ० | ११४ | ९ | ४९९ | | ९३ |
| दोलखा | ९८६ | ६१ | ४ | २७ | १४ | १८६७ | २ | ८२ |
| काभ्रेपलान्चोक | ९०९ | ६१ | १०९ | २०९ | १४३ | ३३९९ | १ | २५५ |
| सिन्धुपाल्चोक | ७८९ | ३१ | १०१ | ५६ | ७ | ३२४९ | १ | ११६ |
| जम्मा | ९७३४ | २१५३ | १४६२ | ३१४५ | ३४२२ | ७३४३६ | ४४७ | ११०३१ |

श्रोतः पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित् जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख अनुसार

*होम आइसोलेसनमा रहेका संक्रमितको विवरण समेत जोडिएको

#संक्रमितको संख्या दोहोरिएकोमा सच्याइएको

## ❖ प्रदेश प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण


प्रदेश प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| VBDRTC, हेटौडास्थित प्रदेश प्रयोगशाला | २१३६७ | ३३५ | २४४ | ८१ जनाः मकवानपुर-६५, फलोअप-१६ | १६३ | |

धुलिखेल स्थित प्रदेश प्रयोगशालामा प्राप्त भएको नमुनाहरु परिक्षण हुने क्रममा छन् ।

❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंगअनुसारको विवरण यस प्रकार रहेको छः


यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ ।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०५/२०

❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छः

यस प्रदेशमा संक्रमितहरु अधिकांश पुरुष त्यस्तै २१ देखि ५० वर्षका महिला तथा पुरुषहरु रहेका छन्।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०५/२०

❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः

-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशः http://mosd.p3.gov.np/

-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय : https://covid19.mohp.gov.np/#/

-नेपाल सरकार गृह मन्त्रालय : https://covid19.ndrrma.gov.np/

-कोभिड १९ संकट ब्यवस्थापन केन्द्रः ccmc.gov.np

-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः http://www.edcd.gov.np/news/covid-19-situation-updates

-विश्व स्वास्थ्य संगठन/नेपालः https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं।**

**धन्यवाद !**

प्रवक्ता (कोभिड-१९)

डा. पुरुषोतम राज सेढाई